annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ९१ पृष्ठ ८ | काठमाडौं, मंगलबार १३ साउन २०८२ | श्रावण शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | TUESDAY, JULY 29, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०




कभर स्टोरी

# कर्णालीमा अझै ५५ तुइन

उसै विकट छ कर्णाली । यहाँ धेरै ठाउँमा अझै नदी तर्न पुल बनाइएको छैन । तुइन नै वारपारको साधन बन्दै आएको छ । प्रदेश सरकारले संकलन गरेको तथ्यांकअनुसार प्रदेशका जिल्लाहरूमा जोड्दा अझै ५५ तुइन विस्थापन हुन सकेका छैनन् । यिनै तुइनबाट खसेर कर्णालीवासीले बर्सेनि ज्यान गुमाइरहेका छन् । तैपनि कर्णाली सरकारले एक वर्षभित्र हटाउने लक्ष्य भने राखेको छ । 'तुइनमुक्त कर्णाली' अभियान पूरा हुन्छ कि हुन्न, भविष्यले अवश्य देखाउने छ ।

**ललितबहादुर बुढा** | *सुर्खेत*
- को रिपोर्ट

समाचार पृष्ठ २

हुम्लाको चंखेली गाउँपालिकास्थित लीती कर्णाली नदीमा रहेको हुम्ला र मुगुलाई जोड्ने तुइन।
● ललितबहादुर बुढा

## रेबिजबिरुद्धको ५१ हजार भायल खोप सातै प्रदेशमा पठाइयो




**काठमाडौं** (अन्नपूर्ण) : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागले मुलुकमा सातै प्रदेशमा ५१ हजार १ सय ८० भायल एन्टी रेबिज खोप सोमबार पठाएको छ।

विभागअन्तर्गतको व्यवस्थापन महाशाखा प्रमुख डा. पवनजंग रायमाझीका अनुसार, भारतबाट ६० हजार भायल एन्टी रेबिज खोप ल्याइएको थियो। जसमध्ये पहिलो लटमा ५१ हजार १ सय ८० भायल खोप प्रदेश आपूर्ति केन्द्रहरूमा पठाइएको डा. रायमाझीले जानकारी दिए।

मुलुकभर एन्टी रेबिज खोपको अभाव भएको समाचार अन्नपूर्ण पोस्ट् दैनिकमा आइतबार प्रकाशित भएपछि स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले चासो लिँदै तत्काल आपूर्ति व्यवस्थापन गर्न निर्देशन दिएका थिए। मन्त्री पौडेलले आपूर्तिको गति बढाई भविष्यमा पनि खोप अभाव हुन नदिने गरी आवश्यक सबै उपाय अपनाउन निर्देशन दिएका थिए।

डा. रायमाझीका अनुसार, एन्टी रेबिज खोप सबैभन्दा बढी बागमती प्रदेशमा आपूर्ति गरिएको छ। बागमतीमा १० हजार ८० भायल खोप पठाइएको छ। लुम्बिनीमा ७ हजार ९ सय २०, कोशीमा ७ हजार २ सय, मधेस र गण्डकी प्रदेशमा ४ हजार ९ सय २० भायल खोप पठाइएको छ। सुदूरपश्चिममा ४ हजार ९ सय २० र कर्णालीमा २ हजार ४ सय भायल पठाइएको छ।

डा. रायमाझीले भारतबाट दुई महिनाभित्र थप भ्याक्सिन ल्याउन लागिएको जानकारी दिए। रेबिज संक्रमित कुकुर, स्याल, ब्वाँसो, बाँदरलगायतका जनावर ले मानिस वा अन्य पशुलाई टोक्दा रेबिज सर्छ। यो प्राणघातक रोग हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, १ करोडभन्दा बढी नेपाली रेबिजको उच्च जोखिममा छन्। नेपालमा अधिकांशलाई रेबिज संक्रमित (बहुला) कुकुरको टोकाइबाट हुने रेबिज हुने गरेको छ।

# ६५ वर्ष भूमिगत मोहनविक्रम अब खुला राजनीतिमा

### ९० वर्षमा खुला राजनीतिमा

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

लामो समयदेखि भूमिगत र अर्धभूमिगत रहेका नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंह खुला राजनीतिमा आएका छन्। साउन ९ र १० गते बसेको केन्द्रीय समितिको बैठकले पार्टी महामन्त्री सिंहलाई सार्वजनिक गर्ने निर्णय गरेको हो।

महामन्त्री सिंह पञ्चायतकालमा पूरै भूमिगत अवस्था थिए। सिंहविरुद्ध वारेन्ट जारी गरिएको थियो। बहुदलीय अवस्था आएपछि सिंहविरुद्ध वारेन्ट थिएन तर नेकपा मसालले आफ्नो संगठनलाई भूमिगत राख्ने निर्णय गर्‍यो। बहुदलमा केन्द्रीय वा जिल्ला स्तरमा प्रवक्ताहरूलाई खुला राख्ने र महामन्त्री सिंहलाई अर्धभूमिगत राख्ने नीति अपनाइएको थियो। अर्धभूमिगतको अवस्थामा कुनै स्पष्ट व्याख्या थिएन।



विभिन्न समयमा परिस्थिति वा आवश्यकताअनुसार त्यसबारे बेग्ला-बेग्लै निर्णयहरू हुँदै आएका थिए। पहिले फोटो खिच्न पनि नदिने, टिभी, रेडियोमा गएर अन्तर्वार्ता पनि नदिने नीति अपनाइएको थियो। पछि यो नीतिमा खुला र खुकुलो पार्दै जाने नीति अपनाइएको थियो।

पछिल्लो समयमा बाह्य र सार्वजनिक कार्यक्रममा नजाने तर आन्तरिक कार्यक्रमहरूमा सामेल हुन सक्ने नीति अख्तियार गरियो। अर्धभूमिगत अवस्थामा पनि बेग्ला-बेग्लै समयमा बेग्लाबेग्लै निर्णयहरू हुँदै आएका छन्। गणतन्त्र आएपछि पनि उनी अर्धभूमिगत अवस्थामा नै रहे।

अब देशमा बढिरहेको प्रतिगमन र साम्राज्यवादका कारणले देशको राष्ट्रिय र सार्वभौमिकतामा खतरा बढ्दै गएकाले जनताबीच गएर खुला रूपमा विचार लैजानुपर्ने भएकाले आफू सार्वजनिक हुनु परेको प्रेस विज्ञप्तिमार्फत उनले जनाएका छन्। मसालको केन्द्रीय समिति बैठकले पार्टीको संगठनात्मक प्रणाली पहिले जस्तै भूमिगत रहने निर्णय गरेको छ। महामन्त्री सिंहद्वारा सोमबार जारी विज्ञप्तिमा भनिएको छ, 'पार्टीको संगठनात्मक प्रणाली पहिले जस्तो नै भूमिगत रहनेछ र पार्टीका प्रवक्ताहरू खुला राख्ने पहिलेको नीति कायम रहनेछ।'

२००६ साल वैशाख १० मा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको २०१४ सालमा केन्द्रीय सदस्यमा निर्वाचित भएका सिंह निरन्तर कम्युनिस्ट राजनीतिमा क्रियाशील छन्। प्युठानका सिंह २०१४ साल जेठ १५ देखि २५ सम्म काठमाडौंमा भएको नेकपाको दोस्रो महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित भएका हुन्। नेकपाको दोस्रो महाधिवेशनले केशरजंग रायमाझीलाई महासचिवमा निर्वाचित गरेको थियो।

» बाँकी पृष्ठ ६

## कम्बोडिया र थाइल्यान्ड युद्धविरामका लागि सहमत



**बैंकक** (एजेन्सी) : कम्बोडिया र थाइल्यान्ड बिनासर्त युद्धविराम गर्न सहमत भएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शत्रुता जारी रहे व्यापार वार्ता पुन: सुरु नगर्ने चेतावनी दिएपछि दुई पक्ष युद्धविराम गर्न सहमत भएका हुन्। मलेसियाका नेता अनवर इब्राहिमले कम्बोडियाका प्रधानमन्त्री हुन मानेट र थाई कार्यवाहक नेता फुम्थम वेचायचाईले तत्काल युद्धविरामका लागि इच्छा व्यक्त गरेको बताए।

नेता अनवरले थाइल्यान्ड र कम्बोडियामा मध्यरातदेखि लागू हुने गरी तत्काल र बिनासर्त युद्धविराम हुने बताए। उनले भने, 'यो तनाव कम गर्ने र शान्ति र सुरक्षाको पुनर्स्थापनाका लागि एक महत्त्वपूर्ण पहिलो कदम हो।' कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले बैठक राम्रो भएको भन्दै तुरुन्तै लडाइँ रोक्ने आशा व्यक्त गरे। प्रधानमन्त्री मानेटले मध्यस्थतामा संलग्न भएकोमा अनवर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ सरकारलाई धन्यवाद दिए।

# १६ जनाको परिवारै हराएर दिनभर खैलाबैला

### देशै लाग्यो खोजबिनमा, हायु परिवार भेटियो पोखरामा

**राजन गाउँले** | *सिन्धुली*

सिन्धुलीको गोलन्जर गाउँपालिका-६ बिखर कटेरी छेत्पा बस्ने उर्मिला हायुसहित उनका १६ जना परिवार रहस्यमयी तरिकाले सम्पर्कविहीन भएको घटनाले सोमबार दिनभर देशैभरि खैलाबैला भयो। कतै दु:खद् दुर्घटना त भएन कतिलाई आशंका भयो। कतिले सकुशल भेटियोस भन्ने कामना पनि गरे। उर्मिलाको घरमा सयौं गाउँले, प्रहरी, जनप्रतिनिधिहरू पुगे। रित्तो घर, बेखबर परिवार सम्झेर स्तब्ध भए।

राज्यकै पूरै निकाय उनीहरूको खोजतलासमा लाग्यो। स्थानीय जनप्रतिनिधि, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राजनीतिक दल, स्थानीय नागरिक सोमबार सबैरैदेखि राति १० बजेसम्म खोज तथा अनुसन्धानमा सक्रिय भए।

देशभरका मिडियाकर्मी तथा शुभचिन्तकहरू पलपलमा उक्त घटनाको अपडेट गर्न दिनभर खटे।



एक वर्षका बालकदेखि ५२ वर्षकी महिलासम्म एकाएक सम्पर्कविहीन भएपछि अनेक तर्क र वितर्कसमेत गरिए।

अन्तत: बेपत्ता भनिएका हायु परिवारका १६ जनै कास्कीको पोखरामा मस्त रमाइरहेको पाइयो। बेपत्ता १६ जनाको अवस्थाबारे पत्तालगाउन दिनभर स्थानीय, प्रहरी, जनप्रतिनिधिदेखि गृह मन्त्रालयसमेत खट्दा बेपत्ता हायुहरू भने पोखराको गगनगौंडा भन्ने ठाउँमा भेटिएको सिन्धुलीका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले जानकारी दिए। 'बेपत्ता भएका १६ जनामध्ये १५ जनालाई पोखरा महानगरपालिका-३० स्थित सोमनाथ पौडेल र चन्द्र भण्डारीको घरमा भेटिएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारीले पुष्टि गर्नु भएको छ,' प्रजिअ भुसालले भने।

सम्पर्कविहीन भएकाहरूमा घरमुली ५२ वर्षीया उर्मिला हायु, उनकी छोरीहरू वर्ष २७ की कमला हायु, वर्ष २२ की उषा हायु, वर्ष १९ की सुजता हायु, वर्ष १८ की अस्मिता हायु, वर्ष १२ की शान्ता हायु र वर्ष १० की ओमकुमारी हायु थिए।

यस्तै छोराहरू वर्ष २९ का राजु हायु, वर्ष २४ का हिमाल हायु, वर्ष १६ को लालबहादुर हायु, वर्ष १४ को बेगबहादुर हायु, वर्ष ११ को लक्की हायु, वर्ष १२ को सुवर्ण हायु यसैगरी उर्मिला हायुकी बुहारी वर्ष ३० की कोमल हायु पनि बेपत्ता थिइन्। उनका वर्ष ४ की नातिनी रियासा हायु र वर्ष १ का नाति अर्जुन हायु सम्पर्कविहीन थिए। बेपत्ता उर्मिलाका श्रीमान् साने हायुको ३ वर्षअघि निधन भइसकेको छ।

तर, यी बेपत्ता भएका भनिएकाहरूमध्ये उर्मिला हायुकी मइिली छोरी काठमाडौंबाट सम्पर्कमा आएकी थिइन्। सम्पर्कविहीन भएको परिवारकी माइली छोरी सुजाता हायु सम्पर्कमा आएको केही समयमा नै उनीहरूमध्ये १५ जना पोखरामा रहेको पत्ता लागेको हो।

उनीहरू शनिबार नै पोखरा पुगेको पाइएको छ। उनीहरूलाई कास्की प्रहरीले आफन्तको जिम्मा लागाएको छ। बेपत्ता भनिएकी उर्मिला हायुको घरको भान्साघर जलेको अवस्थामा छ। उनीहरूको घरमा भाँडाकुँडा तथा सरसामानहरू अस्तव्यस्त अवस्थामा छन्। खोरमा पाँचवटा बाख्रा, गोठमा एउटा पाडीसमेत भोकै अवस्थामा छन्।

» बाँकी पृष्ठ ६